म.जि. प्र.का. द.नं. : १७६/०६८, वर्ष ९, अंक २२२ आइतबार ९ चैत २०७६ चैत कृष्ण त्रयोदशी ने. सं. ११४० चिल्लागा 22 March, 2020 www.sajhakura.com.np पृष्ठ संख्या ४ मूल्यः रु. ३ /

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakura.com.np

प्रदेशभित्र कोरोना भित्रिन नदिन लागिपरेका छौं: मुख्यमन्त्री

हेटौंडा, ८ चैत/ बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले प्रदेशभित्र कोरोना भाइरस (कोभिड-१९)लाई भित्रिन नदिन सरकार गम्भीर भएर लागेको बताएका छन् ।

शनिवार बिहान आफ्नो फेसबुक आइडीमा सन्देश लेख्दै विश्वलाई नै हायलकायल बनाएको कोरोनालाई नेपाल र प्रदेशभित्र भित्रिन नदिन संघीय सरकार र प्रदेश लागिपरेको बताए । पौडेलले प्रदेशबासी तथा देश विदेशमा रहेका नेपालीलाई कोभिड-१९ को संक्रमणबाट बच्नको लागि सावधानी अपनाउन अनुरोध गरेका छन् ।

मुख्यमन्त्री पौडेलले कोरोनाको संक्रमण रोक्न सरकारले गरिरहरको प्रयासलाई आमनागरिकको पनि साथ रहेको बताए । पौडेलले कोरोनाको लक्षण, सावधानीलगायतका विषयमा सन्देश प्रवाह गरेका छन् । कोरोनाबाट बच्नको लागि प्रदेशबासीलाई आवश्यक सावधानी अपनाउन मुख्यमन्त्री पौडेलले आग्रह गरेका छन् ।

कोरोना क्वारेन्टाइन: भीमफेदी गाउँपालिका-१ र मकवानपुरगढीको ४ नं. वडाको संगमस्थलमा रहेको सामरी पुल नजिक नेपाली सेनाले बनाएको क्वारेन्टाइन कक्ष र त्यसभित्र तयार गरिएको बेड (इस्टेटमा) । कोरोना भाइरसका शंकास्पद बिरामी भेटिए उपचारको लागि राख्न मध्यपुतना हेडक्वाटरले ५० शैयाको क्वारेन्टाइन कक्ष बनाइरहेको छ । अस्थायी टेन्ट प्रयोग गरेर क्वारेन्टाइन बनाइएको पुरानो गोरखगणका गणपति अनिल कुमार बुढायोकीले बताए । घर विदामा गएर फर्किएका सेनालाई पनि हेडक्वाटरभित्रै राख्न क्वारेन्टाइन बनाइएको छ ।

तस्बिर: नवीन तिमल्सिना/साझाकुरा

हेटौंडामा पानीको खपत बढ्यो, दैनिक १६ लाख लिटर अपुग

साझाकुरा संवाददाता

सन्दर्भः विश्व पानी दिवस

हेटौंडा, ८ चैत/ बागमती प्रदेशको स्थायी राजधानी तोकिएसँगै हेटौंडाको जनघनत्व पनि बढ्दो छ । सोको असर खानेपानी वितरणमा पनि देखिएको छ ।

खानेपानी व्यवस्थापन बोर्ड समक्ष नयाँ धाराहरु जडानको लागि निवेदन दिनेको संख्या बढ्दै गए पनि बोर्डले भने प्रयाप्त पानी उपलब्ध गराउन कठिन हुन थालेको छ । हेटौंडाको जनघनत्वको बढ्दै जाँदा पानीको खपत पनि अत्याधिक रुपले बढेको छ । यहाँ विगतका दिनमा भन्दा राजधानी कायम भएपछि पानीको खपत बढेको हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले जनाएको छ ।

बोर्डले हेटौंडा उपमहानगरपालिका-२, १० नम्बर वडाको पूरै भू-भाग र १, १४, १५, १६, १७ नम्बर वडाको केही भू-भाग गरी नगरक्षेत्रभित्र बसोबास गर्ने १ लाख २५ हजार नगर बासीलाई पानी वितरण गर्दै आइरहेको छ । सरदरमा दैनिक १ करोड ३९ लाख लिटर खानेपानी उत्पादन गर्दै १७ हजार ७ सय ९२ धाराबाट दैनिक ६-७ घण्टा पानी वितरण गर्दै आएको छ ।

बोर्डका कार्यकारी निर्देशक सुदर्शन ढकालले १ करोड ३९ लाख पानी उत्पादन भइरहेको बताए । उनका अनुसार हेटौंडामा अझै दैनिक १६ लाख लिटर पानीको अपुग छ । हेटौंडामा अनुमानित १ करोड ५५ लाख लिटर पानीको माग रहेको कार्यकारी निर्देशक ढकालले जानकारी दिए । पानीको मागलाई परिपूर्ति गर्न बोर्डले प्रदेश सरकार, हेटौंडा उपमहानगर पालिकासँगको सहकार्यमा पानी उत्पादनको लागि संरचना निर्माणदेखि मर्मतसम्भार गर्ने काम गरिरहेको बताए ।

कार्यकारी निर्देशक ढकालले हेटौंडा प्रदेश राजधानी कायम भएपछि पानीको माग बढेको बताए । उनले बोर्डलाई चुनौती थपिएको बताएका छन् । बोर्डका अध्यक्ष प्रताप विष्टले हरेक महिना सरदर १ सय ५० वटा धाराको माग बढ्ने गरेको छ । 'हरेक महिना १ सय ५० का दरले धारा संख्यामा वृद्धि हुन्छ । यसलाई हेटौंडामा महिनामै १ सय ५० का दरले घर बनिरहेको बुझ्न सकिन्छ ।'- विष्टले भने ।

हेटौंडामा जनसंख्या र जनघनत्व बढ्नेपनि बोर्डले पानी वितरणमा सहजता ल्याउने बोर्डका अध्यक्ष विष्टले बताए । उनका अनुसार बोर्डले वृद्धि हुँदै गइरहेको पानीको मागलाई बोर्डले गम्भिर रुपले लिएको छ । बोर्डले माग अनुसार पानी उत्पादनको लागि अग्रसरता देखाएको छ ।

बोर्डले पानी गुणस्तर परीक्षण गरेर मात्र वितरण गर्ने गरेको छ । पानी परीक्षण गरेर वितरण गर्दा नगरबासीको स्वास्थ्यमा राम्रो हुने अध्यक्ष विष्टको तर्क छ । आफ्नै ल्याब स्थापना गरी पानी परीक्षण गर्ने तरिएको उनले बताए ।

बोर्डले पानी चुहावट नियन्त्रणका लागि सहरको मुख्य क्षेत्रहरुमा रात्रीकालिन निगरानी गर्ने गरिएको बोर्डका लेखापाल सञ्जय न्यौपानेले बताए । नगरका अन्य वडाहरुमा स्थानियस्तरका खानेपानी उपभोक्ता समितिहरु मार्फत खानेपानी व्यवस्थापन हुँदै आइरहेको उनले बताए । नगरको ३, ११, १२, १३, १८, १९ नम्बर वडामा उपभोक्ता समितिमार्फत खानेपानी वितरण हुँदै आएको छ ।

बोर्डले चालु आर्थिक वर्ष २०७६/०७७ को दोस्रो चौमासिक अवधीसम्म ६ सय ३१ वटा नयाँ धारा थप गरिएको बोर्डका लेखापाल न्यौपानेले जानकारी दिए । यसैगरी बोर्डले हेटौंडा-९ कुखरेनीमा रहेको पुरानो सम्बेल संरक्षण कार्य, ऐतिहासिक चुरियामाई मन्दिर परिसरमा हेटौंडा उपमहानगरपालिका, हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड र चुरियामाई मन्दिर व्यवस्थापन समितिको संयुक्त लगानीमा खानेपानी व्यवस्थापन बोर्डबीचको संयुक्त लगानीमा नगरका विस्तारित वडाहरुमा खानेपानीको पूर्वाधार निर्माण गर्न लागिएको न्यौपानेले जानकारी दिए । संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, हेटौंडा उपमहानगरपालिकासँगको संयुक्त लगानीमा संचालित रहेका आयोजनाको करिब ७० प्रतिशत निर्माण कार्य सम्पन्न भएको बोर्डले जनाएको छ ।

नगरक्षेत्रभित्रका विभिन्न स्थानहरमा भूमिगत पानी रिचार्जको लागि पानी पोखरी निर्माण, पानीका मूहानहरुको संरक्षण तथा मर्मतसम्भार, भल्वहरुमा चेम्बर निर्माण गर्ने र पुराना जीर्ण पाइपहरु परिवर्तन गर्ने काम बोर्डले चालु आर्थिक वर्षमा गर्नेछ ।

सडक डिभिजन हेटौंडाले ५६ वटा कम्पनीको ठेक्का तोड्दै

लापरबाही गर्नेलाई जरिवानाका साथै कालोसूचीमासमेत राख्ने तयारी

केशव समर्पण

ठेक्का तोड्नुपर्ने किसिमका ५६ मध्ये पर्साका २१ वटा छन् भने मकवानपुरका १८ निर्माण व्यवसायी छन् । त्यस्तै बाराका १३ वटा निर्माण कम्पनी रहेका छन् । यसबाहेक चितवन, रौतहट र काठमाडौंका केही निर्माण कम्पनीहरु छन् ।

हेटौंडा/सडक डिभिजन कार्यालय हेटौंडाले सडक निर्माण तथा मर्मतको लागि विभिन्न समयमा सम्झौता गरी काम सम्पन्न नगरी अलपत्र पार्ने ५६ वटा निर्माण कम्पनीसँग ठेक्का तोड्ने भएको छ । लामो समयसम्म पनि काम सम्पन्न हुन नसकेको भन्दै ठेक्का तोड्ने र उनीहरुको लापरवाहीको अवस्था हेरी जरिवानादेखि कालोसूचीमासमेत राख्ने तयारी गरिएको छ ।

शुक्रबार सूचना प्रकाशित गरी सडक डिभिजनले लामो समयसम्म पनि काम सम्पन्न हुन नसक्नुको पुष्टयाईसहित एक हप्ताभित्र कार्यालयमा निवेदन माग गरेको छ । आगामी शुक्रबारसम्म पनि चित्तबुझ्दो निवेदन प्राप्त नभए उनीहरुलाई योजनाको कुल लागतको १० प्रतिशत जरिवाना र ठूलो लापरवाही भेटिए कालोसूचीको लागिसमेत सिफारिस गरिने सडक डिभिजन हेटौंडाका प्रमुख सुमन योगेशले जानकारी दिए । 'ठेक्का सम्झौता गरी लामो समयसम्म काम पनि सम्पन्न नगर्ने र म्याद थपको लागि पटकपटक आह्वान गर्दा पनि बेवास्ता गर्ने कम्पनीहरुसँग हामीले सम्झौता रद्द गर्न लागेका हौं । हामीले प्रकाशित गरेका सूचीअनुसारका निर्माण व्यवसायीहरुसँग एक हप्तापछि स्वत: सम्झौता त रद्द हुन्छ नै हामीलाई चित्त बुझ्दो जवाफ आएन भने हामीले जरिवानाका साथै कालोसूचीका लागिसमेत सिफारिस गर्छौं ।' कार्यालय प्रमुख योगेशले भने ।

सार्वजनिक खरिद नियमावली २०६४ को नवौं संशोधनबमोजिम म्याद थपको लागि आवश्यक कागजातसमेत पेश नगरेका ५६ वटा निर्माण कम्पनीले ७ दिनभित्र जवाफ पेश गर्न सूचनामा भनिएको छ । काम सम्पन्न हुन नसक्नुको पुष्टयाईसहित चित्तबुझ्दो जवाफ नआएमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ (२) क तथा दफा ७, ८ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम ठेक्काकाक तोडी कारवाही प्रक्रिया अघि बढाइने सूचनामा उल्लेख गरिएको छ ।

ठेक्का तोड्नेबारे सडक डिभिजनले जारी गरेको सूचनमा सबैभन्दा धेरै पर्साका व्यवसायी छन् । ठेक्का तोड्नुपर्ने किसिमका ५६ मध्ये पर्साका २१ वटा छन् भने मकवानपुरका १८ निर्माण व्यवसायी छन् । त्यस्तै बाराका १३ वटा निर्माण कम्पनी रहेका छन् । यसबाहेक चितवन, रौतहट र काठमाडौंका केही निर्माण कम्पनीहरु छन् ।

सडक डिभिजनको सूचनाअनुसार मकवानपुरको बी ब्रदर्श निर्माण सेवा, बिएस निर्माण सेवा, दामु चन्द्रमाला कन्स्ट्रक्सन, गोपाली एण्ड सन्स बिल्डर्स, जीपीबी कन्स्ट्रक्सन, हेटौंडा कन्स्ट्रक्सन, कार्की निर्माण सेवा, मुन्ना बिल्डर्स, ओमास कन्स्ट्रक्सन, पञ्चकन्या कन्स्ट्रक्सनको ठेक्का तोड्नुपर्ने अवस्थाका रहेका छन् । त्यसैगरी मकवानपुरकै आरएस निर्माण सेवा, राना/पाखिन हेटौंडा, साहारा कन्स्टुसन, सदगुण निर्माण सेवा, शर्मिला निर्माण सेवा, सिद्धबाबा/सदगुण युथ जेभी, श्री विनायक कन्स्ट्रक्सन र सुसन कन्स्ट्रक्सनसँग पनि ठेक्का तोडी आवश्यक कारवाही प्रक्रिया अघि बढाइने सूचनामा उल्लेख छ ।

आकर्षक घर भाडामा

हेटौंडा-२, स्थित मूख्यमन्त्री निवास र आर्थिक मामिला तथा योजना मन्त्रालयसँगै रहेको आवासिय तथा कार्यालय प्रयोजनको लागि अति उपयुक्त 3000.ft खुल्ला ठाँउ तथा पर्याप्त पार्किङ्गको सुविधा भएको 300sq.ft को १२ कोठे, २.५ तल्ले आकर्षक घर भाडामा रहेको हुँदा भाडामा लिन चाहानुहुने ईच्छुक महानुभावहरुले सम्पर्क गर्नुहोला ।

सम्पर्क: ९८५५०४८६३३, ९८५५०६९७३३

गाडी बिक्रीमा

९८ मोडलको TATA Super Ace गाडी बिक्रीमा रहेको हुँदा खरिद गर्न इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नम्बर :

९८४५२९०३८१, ९८१९२०९०४७, ९८४५०७१०७६

हेटौंडा सिटी अस्पताल प्रा. लि.

हेटौंडामा पहिलो पटक HD Quality को अत्याधुनिक प्रविधियुक्त Endoscopy सेवा सहित Chitwan Medical College (CMC) भरतपुरका वरिष्ठ पेटरोग, कलेजो रोग तथा इण्डोस्कोपी सम्बन्धी

"विशेषज्ञ डा. सागर पौडेल"

Hetauda City Hospital मा

निम्न समस्याको समाधान गरिन्छ:

१. ग्यास्ट्रिकका समस्याहरु
२. पेट तथा आन्द्रका अल्सरहरु
३. कलेजोका समस्याहरु/Hepatitis
४. पितथैलीका समस्याहरु

तथा अन्य विविध पेटरोग तथा कलेजो रोगसम्बन्धी चेक जाँच तथा परामर्श तथा इण्डोस्कोपी सेवा अब सिटी हस्पिटलमा ।

थप जानकारीका लागि हेटौंडा सिटी हस्पिटलमा सम्पर्क गर्न सम्नुहोस्न । फोन नं.:- ०५७-५२०३१५, ५२०५७०, ५२३१७०

नयाँ हाम्रो सुमो र हाम्रो सुमो सेवाद्वारा सञ्चालित

हाम्रो सुमो सेवा

वीरगञ्ज-हेटौंडा-कुलेखानी हुँदै काठमाडौं तथा काठमाडौं-कुलेखानी- हेटौंडा हुँदै वीरगञ्जसम्म सुमो गाडीहरुमा आरामदायी यात्राको लागि हाम्रोलाई सम्पर्कनुहोस् ।

हाम्रा विशेषताहरु:

- सुमो गोल्ड नयाँ मोडलका गाडीहरु ।
- घरदैलो सेवा । रिजर्भको व्यवस्था ।
- प्रति यात्रु ५ लाखको बीमा गरिएको ।
- ५ वर्षभन्दा माथि साथै बढी अनुभवी चालकहरुद्वारा चलाइने ।
- एकै व्यक्तिको नाममा भिन्न भिन्न मितिको २० ओटा टिकट भएमा १ वटा टिकट फ्रि

हेटौंडाबाट बिहान ६:०० बजे र काठमाडौं बल्खुबाट दिनको १:०० बजे नयाँ सुमो अनिवार्य छुट्ने (fix Que) को सुमो सुविधा उपलब्ध गराइएको व्यहोरा अनुरोध छ ।

हेटौंडा
०५७-५२७२३३ (काउन्टर)
०५७-५२७२६६ (काउन्टर)
९८५५०६९९२४ (हट लाइन)

अध्यक्ष: मेष खड्की

काठमाडौं
०१-५१८७४३३ (काउन्टर)
९८५५०६९९३० (हट लाइन)

यात्रुवर्गमा खुशीको खबर

मकवानपुर जिल्लाबासीको सुविधालाई मध्यनजर गर्दै मौलाकाली यातायातको नौलो प्रस्तुति-

हेटौंडा-दिल्ली बस सेवा

आरामदायी A/C Suspension बस सेवा
हेटौंडाबाट नारायगढ, बुटवल हुँदै भारतको दिल्लीसम्म सञ्चालन भएको सहर्ष जानकारी गराउँदछौं ।

हेटौंडाका लागि सम्पर्क: ९८४५०२९०१६, ९८१४२२३२८५
नारायणगढका लागि सम्पर्क: ०५६-५७१०१८, ९८५५०६६४११

हाम्रा सेवाहरु: हेटौंडादेखि दाङ, तुलसीपुर, नेपालगञ्ज, धनगढी, महेन्द्रनगर, सुर्खेत, त्रिशुली, काठमाडौं, लमजुङ बेसीशहर, बेनी, बाग्लुङसम्मको आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

नयाँ तथा पुराना सम्पूर्ण रोगीहरुमा खुशीको खबर

सञ्जीवनी आयुर्वेद चिलनिकमा आयुर्वेद अनुभवी फिजिसिएन डाक्टरहरुबाट हरेक दिन परीक्षण गरी निम्न रोगहरुको सफल उपचार गरिन्छ ।

● गानोगोला, ग्याष्ट्रिक, अपच, कब्जियत ● छाती दुख्ने, घरीघरी बेहोस हुने, निगोगोचिया, दम, छातीको दाग ● माहिनावारी गडबडी, गलाउने सेतोपानी बग्ने, तल्लो पेट दुख्ने, स्तनको गाँठागुठी ● जन्डिस, पेट सुनिएको ● लुतो, दाद, एलर्जी, सेतो दुबी, थाउ खरिरा ● पाइल्स, फिसर र फिस्टुलाको क्षारसूत्र अपरेशन तथा बिना अपरेशन सफल उपचार ● मृगौलाको पत्थरी, पिसाबको रुकावी ● सुगर, प्रेसर, डिप्रेशन ● बाथ रोग (पूरै शरीर वा जोर्नीको दुखाईको लाजी स्टिम बाथ थेरापी सेवा) ● पिनास, माईग्रेन, टन्सिल, थाइराइड ● रक्तअल्पता, रगतको रुकावी

गुणस्तरीय आयुर्वेदिक औषधीहरु पाइने ।

सुज्जीवनी आयुर्वेद क्लिनिक

तपाईको स्वास्थ्य र सन्तुष्टी नै हाम्रो लक्ष्य

दैनिक २० जनाभन्दा बढी बिरामीको उपचार गर्न असमर्थ रहने भएकोले अग्रिम नाम दर्ता गराउनु हुन अनुरोध छ ।

हेटौंडा-२, मकवानपुर|बुढ्धोकढेकि करिब २० मिटर उत्तरतिर दाहिने पहिलो गल्ली भित्र|
फोन नं.: ०५७-५२४४५७, ९८६५९८६८७८, ९८५५०७००३०

खुल्ने समय: बिहान ८:०० बजेदेखि बेलुका ६:०० बजेसम्म | क्लिनिक शनिबार बन्द रहनेछ ।